# आयोगका अध्यक्षज्यूबाट विभिन्न क्याम्पसको भ्रमण




विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा देवराज अधिकारीज्यू मिति २०८० कार्त्तिक २३ देखि २५ गतेसम्म कास्की जिल्ला लेखनाथ नगरपालिका तालचोकमा अवस्थित त्रिवेणी इन्टरनेशनल कलेजको आठौ वार्षिक साधारण सभाका अवसरमा आयोजित गुणस्तरीय उच्च शिक्षा आजको आवश्यकता, अवसर र चुनौति, विषयक विचार गोष्ठी कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भयो । गोष्ठी कार्यक्रमलाई सम्बोधन गर्दै आयोगका अध्यक्षले त्याग समर्पण र अवसर भए विदेशिने क्रम घट्ने  बताउनु भयो ।





साथै विश्वविद्यालय अनुदान आयोगले क्याम्पसहरुलाई अनुदान दिने, गुणस्तर मापन गर्ने काममा निश्चित मापदण्ड अनुशरण गरेर कार्य गरिरहेको बताउँदै उच्च शिक्षा अध्यापन पेशालाई सम्मानित बनाउन, देशको आर्थिक अवस्था सुधार गर्न विदेशी बजारमा बिक्ने हैन आफ्नै देश बनाउने जनशक्ति उत्पादन गर्न कलेजहरुलाई अध्यक्षज्यूले सुझाव दिनु भएको थियो ।

## पोखरा बहुमुखी क्याम्पसको ३७औं बार्षिकोत्सव




आयोगका अध्यक्षज्यूबाट मिति २०८० मंसिर १४ गते पोखरा बहुमुखी क्याम्पसको ३७ औ वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिका रुपमा सहभागी हुनु भएको थियो । बि स २०४४ सालमा पोखरामा स्थापित क्याम्पसको वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्दै आयोगकका अध्यक्षज्यूले सामुदायिक क्याम्पसहरुले अनुसन्धालाई प्राथमिकता दिने हो भने यस्ता क्याम्पसमा शिक्षाको गुणस्तर बढ्ने बताउनु भयो । बिद्यार्थीलाइ गुणस्तरिय शिक्षा दिनका लागि प्राध्यापकको गुणस्तर बढाउनुपर्ने र यसका लागि प्राध्यापकहरुले अनुसन्धानमुलक काम गरेकै हुनुपर्छ भन्दै उहाँले पोखरा बहुमुखी क्याम्पसले यस्ता काममा क्रमिक रुपमा प्रगति गर्दै गएको भन्दै शुभकामना व्यक्त गर्नु भयो ।पछिल्लो क्रममा देशको राजनितिक, आर्थिक लगायतका विभिन्न परिस्थितिका कारण युवा जनशक्ति विदेश पलायन भइरहेकोले शिक्षाको गुणस्तर र स्वदेशमै शैक्षिक करिअरमा बिद्यार्थीलाई आकर्षित गर्न सघाउने उद्देश्यले विश्वविद्यालय अनुदान आयोगले आफ्नो ऐन समेत परिमार्जन गर्न लागेको जानकारी दिनु भयो ।



## लुम्बिनी बौद्ध विश्वविद्यालयको १९औं बार्षिकोत्सव



लुम्बिनी बौद्ध विश्वविद्यालयले मिति २०८० मंसिर १४ गते मनाएको स्थापनाको १९औं वार्षिकोत्सव कार्यक्रममा आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीज्यू अतिथीका रुपम सहभागी हुनु भएको भयो। लुम्बिनी प्रदेशका प्रमुख अमिक शेरचन प्रमुख अतिथीका रुपमा रहनु भएको कार्यक्रमको सभापतित्व विश्वविद्यालयका उपकुलपती प्रा.डा. सूवर्णलाल बज्राचार्यले गर्नु भएको थियो।

आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीज्यूले कार्यकमलाई सम्बोदन गर्दै विद्यार्थीलाई स्वदेशमै आकर्षित गर्नका लागि उच्च शिक्षामा गुणस्तर बृद्धि आवश्यक रहेको औंल्याए।

## भैरहवा बहुमुखी क्याम्पसको नवनिर्मित प्राज्ञिक भवन उद्घाटन



आयोगका अध्यक्षज्यूबाट मिति २०८० मंसिर १५ गते भैरहवा बहुमुखी क्याम्पसको प्राज्ञिक भवनको उद्घाटन कार्यकममासहभागी हुनु भएको थिया




वि.सं. २०२५ सालमा सिद्धार्थ कलेज पब्लिक क्याम्पसको रुपमा स्थापना भएकोमा २०३० सालमा देशमा नयाँ शिक्षा लागू भएसँगै सिद्धार्थ कलेजबाट त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा रूपान्तरण भएको उक्त क्याम्पस हाल भैरहवा बहुमुखी क्याम्पसका नामले परिचित रहेको र सो क्याम्पसको नवनिर्मित प्राज्ञिक भवन आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीज्यूबाट भएको थियो